प्रभुभोज

पाष्टरीय तालीम पुस्तिका

१८

तालीम र वृद्धि

T&M ®

येशू र उहाँका प्रेरित पावलले रोटी भँचाइबारे निम्न कुराहरु प्रकट गरेका छन्:

"मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ ।"..... याद गर्नोस्, चेलाहरु यस विषयमा गनगन गरिरहेका छन् भन्ने थाहा पाएर येशूले भन्नुभयो– "जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिमीहरुसित बोलेको छु, ती आत्मा र जीवन हुन् ।"

(यूहन्ना ६:५४, ६१, ६३)

"तिमीहरुको निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।..... यो कचौरा तिमीहरुका निम्ति बहाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो ।"

(लूका २२:१९-२०)

"जुन आशिषका कचौराको निम्ति हामी आशिष माग्छौं, के त्यो खीष्टको रगतमा हुने सहभागिता होइन र ? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो खीष्टको शरीरमा हुने सहभागिता होइन र ?" (१ कोरन्थी १०:१६)

"हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरको वास्ता नराखिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ । यसैकारण तिमीहरुमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन् ।" (१ कोरन्थी ११:२८-३०)

कति मण्डलीहरुले भन्दछन् कि रोटी ता येशूको देह नै भइहाल्छ । कतिले यसलाई इन्कार गर्दै भन्दछन् कि पर मेश्वरले कुनै किसिमसँग अलौकिक तरिकाले काम गर्नुहुन्छ । कतिले भन्दछन्– परमेश्वरले आफ्नो जीवन, यो जीवनरहित र ोटीमा हाल्नलाई होइन, तर हामीसँग बाँडचुड गर्न हामीमा काम गर्नुहुन्छ । हाम्रो वास्ता चाहिँ परमेश्वरले के भन्नुहुन्छ त्यसलाई स्पष्ट पार्नु हो ।

किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरुलाई सुम्पिदिएँ, अर्थात जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले र ोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरुका लागि मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले-जहिले तिमीहरु यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।" किनभने जहिले जहिले तिमीहरु यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरु प्रभुको मृत्युको घोषणा गर्दछौ ।

यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र र गतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । हरेक

मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरको वास्ता नर ाखिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ । यसैकारण तिमीहरुमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन् । तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं ।

यसकारण मेरा भाइ हो, खानलाई एकसाथ भेला हुँदा एक दोस्रालाई पर्ख । यदि कोही भोको छ भने त्यसले घरैमा खाओस्, नत्रता एकसाथ भेला हुँदा तिमीहरु दण्डको भागी हुनेछौ । (१ कोरन्थी ११:२३-३४)

१ कोरन्थी ११:२३-३४ पढेर, निम्न प्रश्नहरुको उत्तर दिनुहोस् ।

प्रभुभोज कसले स्थापित गर्नुभएको हो ? _____

रोटीले केको प्रतिनिधित्व गरेको हुन्छ ? _____

कचौराले केको प्रतिनिधित्व गरेको हुन्छ ? _____

कसको सम्झनामा हामी यसलाई लिने गर्दछौं ? _____

हरेक पटक जब हामी रोटी लिन्छौं र कचौराबाट पिउँछौं, हामीले के घोषणा गरिरहेका हुन्छौं ?

_____

_____

यदि हामीले अयोग्यसाथ खायौं अथवा पियौं भने के खतरा हुनसक्छ ?

_____

किन हामीले पहिले आफैलाई जाँच्नु आवश्यक छ ?

_____

प्रभुभोज कहिले लिने ?

निरन्तर प्रभुभोज लिएर आज्ञा पालन गर्ने मण्डलीहरुले त्यसरी नै प्रभुको आशिष पाउनेछन् । यो आज्ञाप्रति लापरवाही हुने मण्डलीमा अनुशासनको कमी हुन्छ । यसो हुनु भनेको अनाज्ञाकारी हुनु हो, अनि यसले प्रभु येशूलाई महिमा दिँदैन । यसले ता समस्याहरु मात्र ल्याउँछ ।

प्रेरितीय मण्डलीकाहरुले हरेक आइतबार नै प्रभुभोजमा सहभागी हुन्थे (प्रेरित २०:२७)। हुनत प्रभुले प्रत्येक साता लिनु है भनेर निश्चित रुपमा भन्नु भएको नभए तापनि, सातामा एक चोटि सहभागी हुनु नयाँ मण्डलीको आराधना र अनुशासनको निम्ति लाभदायक हुन्छ । यसको निम्ति ठूलो संख्यामा मानिसहरु हुनुपर्छ भनेर नठान्नु होस् । जब दुइ कि तीन जना उहाँको नाउँमा भेला हुन्छन्, प्रभु उनीहरुको माझमा हुनुहुन्छ ।

तपाईको मण्डलीले महिनामा कति चोटि प्रभुभोज लिने गर्छ ?

टिप्पणी:

- यस सम्बन्धी विभिन्न मण्डलीहरुले विभिन्न प्रकारले समयहरु तोकेका छन् । तपाईको आफ्नै परिस्थिति अनुरुप यस शिक्षालाई लागू गर्ने प्रयास गर्नोस् ।

किन हामीले प्रभुभोज मान्ने गर्छौं ?



टिप्पणी:

- कति मण्डलीहरुले प्रभुभोजलाई "पवित्र भोज", "प्रभुको मेच", अथवा "यूकारिष्ट" (धन्यवाद दिनु) पनि भन्दछन् ।

- हुनता प्रेरितहरुले दाखरस चलाए तापनि, कतिपय मण्डलीहरुले अंगुरको रस अथवा त्यस क्षेत्रमा उपलब्ध भएका मद्यरहितका पिउने कुरो प्रयोगमा ल्याएको कुरो चाल पाइएको छ ।

प्रभुभोज चाहिँ आफ्ना पुत्र येशू ख्रीष्टको रगतद्वारा परमेश्वरले स्थापित गर्नुभएको नयाँ करारको चिन्ह हो । प्रभुले मत्ती २६:२८ मा भन्नुभएको छ,

"यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ ।"



यो करार होः

प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने हरेकले उनीहरुको पापको क्षमादान अनि पवित्र आत्मामा नयाँ, पवित्र र अनन्त जीवन पाउनेछ । (प्रेरित २:३८, गलाती ३:१४, हिब्रू ८:१०, ९:१५)

जब हामी प्रभुभोज लिन्छौं:

- हामीले प्रभु येशू ख्रीष्टप्रति हाम्रो विश्वास र समर्पणलाई नवीकरण गर्दछौं ।

- जब उहाँले रोटी भाँच्नुभयो, येशूले लूका २२:१९-२० मा आज्ञा गर्नुभयो: *"तिमीहरुका निम्ति दिइएको यो मेरो शर ीर हो । मेरो सम्झनामा यो गर्ने गर ।.... यो कचौरा तिमीहरुका निम्ति बहाइएको मेरो रगतमा स्थापित नयाँ करार हो ।"*

येशूले भन्नुभयो– *"यो मेरो शरीर हो ।"* यस भनाइप्रति मण्डलीहरुको विभिन्न धारणाहरु छन् । कतिले भन्दछन् कि परमेश्वरले रोटीलाई येशूको शारीरिक देहमा परिणत गरिदिनुहुन्छ । कतिले यसलाई इन्कार गर्दै भन्दछन् कि परमेश्वरले कुनै किसिमसँग अलौकिक तरिकाले काम गर्नुहुन्छ । कतिले भन्दछन्– परमेश्वरले आफ्नो जीवन, यो जीवनरहित रोटीमा हाल्नलाई होइन, तर हामीसँग बाँडचुड गर्न हामीमा काम गर्नुहुन्छ । हाम्रो वास्ता चाहिँ कुनै धारणालाई आक्रमण गर्नु होइन, तर वचनले

खास गरी के भन्दछ त्यसलाई स्पष्ट पार्नु हो । येशूले भन्नुभएन कि यो सम्झना हो, तर उहाँको सम्झनामा *"गर्ने गर"* (पालन गर) भननुभयो । यसको मुख्य जोड चाहिँ उहाँको देह र रगतमा सम्भागी हुनु हो, जसरी पावलले १ कोरन्थी १०:१६ मा स्पष्ट पारेका छन्: "
"जुन आशिषका कचौराको निम्ति हामी आशिष माग्छौं, के त्यो खीष्टको रगतमा हुने सहभागिता होइन र ? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो खीष्टको शरीरमा हुने सहभागिता होइन र ?"

- यूहन्ना ६:५३-६३ मा येशूले उहाँको देह र रगतसंग सहभागी बारेमा छक्क पार्ने कुरा गर्नुभयो– *"तिमीहरुले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरुमा जीवन हुँदैन । मेरो देह खाने र मेरो र गत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु । किनभने मेरो देह साँच्चे खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो । मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु । जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ ।.... तर*

उहाँका चेलाहरु यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरुलाई भन्नुभयो, "के यी कुरा तिमीहरुका निम्ति ठोकरको कारण भइरहेछ ? तिमीहरुले मानिसको पुत्रलाई जहाँ ऊ अभि थियो त्यहाँ उक्लँदैगरेको देख्यो भने नि कसो ? जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिमीहरुसँग बोलेको छु, ती आत्मा र जीवन हुन् ।"

- परमेश्वरले ख्रीष्टको देहमा यो सहभागिता अति नै गम्भीरतापूर्वक लिनुहुन्छ । उहाँले हामीलाई १ कोरन्थी ११:२८-३० मा चेतावनी दिनुभयो– *"हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । किनकि प्रभुको शरीर को वास्ता नराखिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ । यसैकारण तिमीहरुमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन् ।"*

- हामीले गम्भीरतापूर्वक उहाँको बलिदान, उहाँको महिमित पुनरुत्थान र उहाँको दोस्रो आगमनलाई मनन गर्नु परेको छ ।

- प्रभुभोजले मण्डलीको एकता र प्रेमलाई नवीकरण र सुदृढीकरण पार्दछ । *“रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै र ोटीबाट खान्छौं ।”* (१ कोरन्थी १०:१७)

- प्रभुभोज अति नै महत्वपूर्ण भएको हुनाले, मण्डलीहरुले यो विधि सञ्चालन गर्नको निम्ति होशियारीपूर्वक व्यक्तिहरु नियुक्त गर्नुपर्दछ ।

प्रभुभोज अति नै महत्वपूर्ण भएको हुनाले, मण्डलीहरुले यो विधि सञ्चालन गर्नको निम्ति होशियारीपूर्वक व्यक्तिहरु नियुक्त गर्नुपर्दछ । प्रभुभोजको बारेमा पहिला बताउनु होस् । साह्रै लामो व्याख्या गरेर यो विधिलाई कमजोर नपार्नुहोस् । रोटी र कचौराले नै उनीहरुसँग बात गरुन् । यसैकारण प्रभुले यसलाई स्थापित गर्नुभयो ।



हामी प्रभुभोजलाई गम्भीर तापूर्वक लिनेछौं । म मेरा मानिसहरु उनीहरुको आत्मिक वृद्धिमा बलिया होऊन् भन्ने चाहन्छु अनि हाम्रो निम्ति क्रूसमा एकपल्ट तर सदालाई भएको उहाँको महान बलिदानलाई सम्झन चाहन्छु ।

प्रभुभोजमा कसले सहभागी हुनपाउँछ ?

प्रभुभोज केवल प्रभु येशू खीष्टमा विश्वास गर्नेहरुको निम्ति हो ।

"हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् ।" (१ कोरन्थी ११:२८)

अयोग्यसाथ सहभागी हुने कोरन्थी विश्वासीहरुले परमेश्वरबाट सजाय पाए । (१ कोरन्थी ११:२९-३०)

मण्डली र परमेश्वरसितको संगतिबाट टाडो भएको कुनै विश्वासीले पश्चाताप र मिलाप गर्दछ भने, उसले तुरन्तै प्रभुभोजमा सहभागी हुन थाले हुन्छ। प्रभुभोजले ता पर मेश्वरको असीमित अनुग्रह अनि पापको क्षमादान भन्ने बुझाउँछ। यसले नयाँ करारलाई प्रतिनिधित्व गर्दछ। (लूका २२:२०) नयाँ करारमा हाम्रो जिम्मेवारी प्रेम गर्नु हो। (रोमी १३:८-१०)

जो पापमा छन् तिनीहरुलाई हामीले कसरी अनुशासनमा ल्याउन सक्छौं ?

यदि कुनै इसाई पापमा लागिरहेको कुरा हामी जान्दछौं भने हामीले उसलाई अनुशासनमा ल्याउनै पर्छ। नियम यस्तो छः उसलाई इन्साफ गर्ने होइन, तर प्रेममा सुधार गर्ने काम गरौं। (गलाती ६:१)

प्रभु येशूले हामीलाई तीन कदम चाल्नलाई अह्राउनु भएको छः

१. भूल गर्ने व्यक्तिसंग मात्र पहिले कुरा गर्नोस् (मत्ती १८:१५), आलोचना गर्दै वरिपरि नघुम्नोस्। (मत्ती ७:१)

२. यदि उसले ध्यानै दिँदैन भने, उसँग कुरा गर्न अनि पुनर्स्थापित गर्न अरु धेरै साक्षीहरु लिएर जानोस् । उनीसँग बडो नम्रतापूर्वक कुरा गर्नोस् । (मत्ती १८:१६, गलाती ६:१, १ तिमोथी ५:१९)

३. यदि उसले उनीहरुलाई पनि टेर्दैन भने मण्डलीलाई भन्नोस् अनि मण्डलीले उसलाई देहको रुपमा व्यवहार गरुन् । अझ पनि उसले पश्चाताप गर्दैन भने, उनले पश्चाताप नगरेसम्म, परमेश्वरको आज्ञा अनुसार, उनी संगतिबाट अनुशासनमा राखिन्छ । (मत्ती १८:१७-१८, १ कोरन्थी ५:४-११)

प्रभुभोज चाहिँ प्रभुसित अनि अरु विश्वासीहरुसितको सम्बन्धको चिन्ह हो । पाप गर्नेलाई मात्र प्रभुभोजबाट अलग पारिनुपर्दछ । कति पाष्टरहरुले एक जनाको पापको कारण सम्पूर्ण मण्डलीलाई प्रभुभोजबाट वञ्चित राख्दछ । हामी यसप्रकारले नचलौं । प्रभुभोजलाई बेवास्ता गर्दा मण्डलीमा भएको हरेकलाई कुँजे बनाउँछ, अनि आपसी प्रेममा कमजोरी ल्याउँछ ।

कोरिन्थमा भएका कतिपय विश्वासीहरुले हर प्रकारको पाप गरेका थिए। प्रेरित पावलले सम्पूर्ण मण्डलीलाई प्रभुभोजबाट वञ्चित पारेनन्, तर पाप गर्नेलाई मात्र अलग राख्नु भनी उनले आज्ञा गरे।

प्रभुभोजको निम्ति सेवाको रीति

(तपाईको मण्डलीमा अघिबाटै यस प्रकार को विधि नभएमा प्रयोग गर्नको निम्ति)

आफ्ना पापहरु मानिलिँदै शान्तभावमा प्रार्थना गर्नु।

रोटी बाँड्नु होस्:



- हामीलाई दिनुभएको खीष्टको देहको निम्ति धन्यवाद दिनुहोस्।

- मत्ती २६:२६ पढ्नोस् (अथवा "यो मेरो देह हो" भनिएको कुनै अर्को पद)

- सहभागी हुने, मननको निम्ति थामिने ।

कचौराबाट बाँड्ने काम होस्:

- पापको क्षमादानको निम्ति पोखिएको खीष्टको रगतको निम्ति धन्यवाद दिनुहोस् ।

- मत्ती २६:२७-२८ पढ्नोस् (अथवा "यो मेरो रगत हो" भनिएको कुनै अर्को पद)

- हभागी हुनुहोस्, मननको निम्ति केही क्षण रोकिनुहोस् ।

क्षमादान पाएको अनि उहाँसित संगति भएको उत्सव मनाउन बडो आनन्दको गीत गाउनोस् ।

अभ्यासको काम

- प्रभुभोजको सेवामा परमेश्वरको आशिषको निम्ति प्रार्थना गर्नोस् ।

- प्रभुभोजको सेवाको रीतिलाई कन्ठस्थ गर्नोस् ।

- निरन्तर प्रभुभोजको सेवाहरु संचालन गर्नको निम्ति अगुवाइ गर्नोस् (अथवा अगुवाइ गर्न सहयोग गर्नोस्)।

- तपाईको मण्डली अथवा झुण्डलाई प्रभुभोजको बारेमा सिकाउनोस् ।

  - प्रभुभोज कहिले मनाउनु ।
  - प्रभुभोज किन मनाउनु ।
  - प्रभुभोजमा कसले भाग लिनु ।
  - काइदा बमोजिम नचल्नेहरुलाई कसरी अनुशासित गर्नु । (प्रभुभोजमा कसले भाग लिनुहुन्न ।)

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

018NP01A-01